# नेपाल पर्यटन बोर्ड

को

# उत्सव महोत्सव तथा पर्यटकीय कार्यक्रम २०७५ सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०१/०४ गते)

नेपाल कला, संस्कृति, सीप, उद्यमशिलता, साहसिक खेलकूद तथा अन्य पर्यटकीय गतिविधिहरु र प्राकृतिक सम्पदा मार्फत पर्यटनको प्रबर्द्धन गर्ने उद्देश्यले देशका विभिन्न भागमा स्थानीय गन्तव्यहरुको पहिचान र सरोकारवालाहरुको सहभागिताद्वारा आयोजना गरिने उत्सव, महोत्सव तथा पर्यटकीय कार्यक्रमहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाल पर्यटन बोर्डका विभिन्न प्रवर्द्धनात्मक माध्यामहरु **मार्फत प्रचार प्रसार** गरी स्वदेशी तथा विदेशी पर्यटकहरुलाई उक्त कार्यकमहरुमा आकर्षिक गर्ने हेतुले नेपाल पर्यटन बोर्डद्वारा एक वार्षिक क्यालेन्डर प्रकाशित गर्ने गरेको सबैमा जानकारी गराईन्छ ।

यसै सन्दर्भमा विभिन्न सरकारी, गैरसरकारी संघ संस्थाहरु, स्थानीय निकायहरु, उद्योग वाणिज्य संघ तथा परिसंघहरु, पर्यटन व्यवसायीहरु, मेला आयोजक महानुभावहरु लगाएतद्धारा यस वर्ष २०७५ भरी विभिन्न समयहरुमा आयोजना गरिने पर्यटकीय महत्वका उत्सव महोत्सव तथा अन्य पर्यटकिय कार्यक्रमहरुलाई यही जेष्ठ महिनामा प्रकाशन गरिने **Calender of Tourism Events & Festivals 2075 (2018/19)** मा समावेश गर्न इच्छुक सरोकारवालाहरुलाई यही २०७५ बैसाख १८ सम्ममा त्यस्ता कार्यक्रमहरुको आयोजना मिति, स्थान, सह आयोजकहरु, साझेदार सरोकारवालाहरु तथा टूर प्याकेज बिक्री गर्ने व्यवस्था गरिने कार्यक्रम भएको खण्डमा ट्राभल, ट्रेकिङ्ग एजेण्ट एवं टूर अपरेटरहरु समेतको विवरणका Visual Promos, Jingles को videos (HD Format) तथा फोटोहरु (High Resolution JPEG Format) साथै सम्बन्धित संघ संस्थाको आधिकारिकता समेतको विवरण उल्लेख गरी जानकारी प्रेषित गर्नुहुन अनुरोध गरिन्छ ।

उत्सव महोत्सवको जानकारी आधिकारिक पत्र, फ्याक्स तथा इमेलबाट पनि पठाउन सकिनेछ । पत्राचार तथा थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।


## नेपाल पर्यटन बोर्ड

**पर्यटन सम्पदा तथा संसाधन विकास महाशाखा**

**पो.ब.नं. : ११०१८ भृकुटीमण्डप, काठमाडौं**

**फोन नं. : ०१-४२५६९०९ (५८०, १४१), फ्याक्स : ०१-४२५६९१०**

**ई-मेल : maniraj@ntb.org.np or svishwakarma@ntb.org.np**

**वेबसाइट : www.welcomenepal.com**


NATURALLY NEPAL

ONCE IS NOT ENOUGH